म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २६८ २०८१ भदौ ५ गते बुधबार 21 August 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डेंगीका लक्षणहरू**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# बागमतीमा लागूऔषध प्रयोगकर्ताको संख्या सबैभन्दा उच्च

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा लागूऔषध प्रयोगकर्ताको संख्या सबैभन्दा बढी रहेको छ । अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा लागूऔषध प्रयोगकर्ताको संख्या उच्च रहेको प्रहरीको तथ्यांक रहेको छ ।

प्रहरीका अनुसार सातै प्रदेशमा कुल एक लाख ३० हजार ४२५ लागूऔषध प्रयोगकर्तामध्ये बागमती प्रदेशमा मात्र ४६ हजार ४८० रहेको छ । जुन संख्या अन्य प्रदेशको भन्दा उच्च हो । सातै प्रदेशमध्ये बागमती प्रदेशमा कुल प्रयोगकर्ताको ३६ प्रतिशत रहेको छ ।

तथ्यांकअनुसार कोशी प्रदेशमा २७ हजार ६०५ जना लागूऔषध प्रयोगकर्ता रहेका छन् भने मधेश प्रदेशमा १५ हजार ८४३ रहेका छन् । गण्डकी प्रदेशमा ८ हजार ९५६, लुम्बिनी प्रदेशमा २५ हजार ९३०, कर्णाली प्रदेशमा १ हजार ८११ र सुदूरपश्चिम प्रदेशमा ३ हजार ८०८ लागूऔषध प्रयोगकर्ता रहेका छन् ।

नेपाल लागूऔषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ अनुसार लागूऔषध प्रयोगकर्तामध्ये महिला ८ हजार ७३२ जना (६.७ प्रतिशत) र पुरुष १ लाख २१ हजार ६९२ जना (९३.३ प्रतिशत) रहेका छन् । २०६९ देखि २०७६ सम्मको तथ्यांक हेर्दा प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेको देखिन्छ भने अधिकांश लागूऔषध प्रयोगकर्ताहरु औसतमा १९ वर्षभन्दा कम उमेरमै पहिलो पटक कुनै न कुनै लागूऔषध सेवन गर्न सुरुआत गरेको देखिन्छ ।

नेपालमा प्रयोग हुने लागूऔषधमध्ये सबैभन्दा बढी गाँजाजन्य पदार्थ रहेको छ । नेपालमा ८०.४ प्रतिशत प्रयोगकर्ताले गाँजाजन्य पदार्थ सेवन गर्ने गरेको तथ्यांकमा उल्लेख छ भने डाईजेपाम ९.४ प्रतिशत, अफिमजन्य पदार्थ ४.७ प्रतिशत, ट्रामाडोल १.९ प्रतिशत, प्रिग्यावलिन १.९ प्रतिशत, सुँघ्ने पदार्थ १.८ प्रतिशत, भ्रमात्मक पदार्थ ०.५ प्रतिशत, उत्तेजनात्मक पदार्थ ०.१ प्रतिशत सेवन गर्ने गरिएको छ ।

नेपालमा १५ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताको संख्या ०.२ प्रतिशत रहेको छ । जसमा सबै पुरुष प्रयोगकर्ता रहेका छन् । १५ देखि १९ वर्ष उमेर समूहका प्रयोगकर्ताको संख्या ७.२ प्रतिशत रहेको छ भने २० देखि २४ वर्ष उमेर समूहका प्रयोगकर्ताको संख्या ३४.३ प्रतिशत, २५ देखि २९ वर्ष उमेर समूहका ३५.२ प्रतिशत, ३० देखि ३४ वर्ष उमेर समूहका १२.६ प्रतिशत रहेको छ । यस्तै, ३५ देखि ३९ वर्ष उमेर समूहका ६.५ प्रतिशत, ४० देखि ४४ वर्ष उमेर समूहका २.७ प्रतिशत, ४५ देखि ४९ वर्ष उमेर समूहका १.५ प्रतिशत र ५० वर्षभन्दा माथिका ०.५ प्रतिशत प्रयोगकर्ता रहेका छन् ।

नेपालमा अधिकांश लागूऔषध प्रयोगकर्ताहरु साथी-संगतका कारण दुर्व्यसनमा फस्ने गरेको तथ्यांकले देखाएको छ । साथी-संगतका कारण नेपालमा ७८.७ प्रतिशत लागूऔषध प्रयोग गर्ने गरेका छन् भने कौतुहलता र उत्सुकताबाट ५८.५ प्रतिशत, १९.९ प्रतिशत पारिवारिक समस्या, अध्ययन समस्याबाट ४.२ प्रतिशत र अन्य १३.८ प्रतिशत रहेका छन् । नेपालमा प्रयोगकर्ताहरुले साथी संगतबाट नै लागूऔषधहरु प्राप्त गर्ने गरेका छन् । साथीहरुबाट ६७.७ प्रतिशत प्रयोगकर्ताले लागूऔषध प्राप्त गर्ने गरेका छन् भने डुल्ने बिक्रेताबाट १४.१ प्रतिशत, औषधी पसलबाट ८.४ प्रतिशत, अन्य पसलबाट ७.२ प्रतिशत, इन्टरनेटबाट २.२ प्रतिशत र अन्य स्रोतबाट ०.४ प्रतिशत प्रयोगकर्ताले लागूऔषध प्राप्त गर्ने गरेका छन् ।



नेपालमा प्रयोगकर्ताहरुले सबैभन्दा बढी धुवाँबाट लागूऔषध सेवन गर्ने गरेका छन् । तथ्यांकअनुसार नेपालमा धुवाँबाट सेवन गर्ने लागूऔषध प्रयोगकर्ताको संख्या ३४.९० प्रतिशत रहेको छ भने मुखबाट सेवन गर्ने लागूऔषध प्रयोगकर्ताको संख्या ३३.७० प्रतिशत, सुईबाट २९.३० प्रतिशत र अन्य माध्यमबाट २.१० प्रतिशत प्रयोगकर्ताले लागूऔषध प्रयोग गर्ने गरेका छन् ।

## लागूऔषध दुर्व्यसनको प्रभाव

लागूऔषध दुर्व्यसनका कारण विषेशगरी सामाजिक र आर्थिकरुपमा प्रभाव पर्ने देखिन्छ । दुर्व्यसनका कारण परिवारमा तनाव, झै-झगडा, बेमेल, पारिवारिक विचलन, विखण्डन, सम्बन्धविच्छेद, व्यभिचार बढ्ने समस्या देखिन्छ भने क्रमशः चोरी, समाजबाट टाढा हुँदै जाने, सामाजिक अपराधमा संलग्नता बढ्ने, समाज तथा आफन्तका दृष्टिमा घृणाको पात्र बन्न सक्ने, कानुनको अवज्ञा गर्ने, अराजककता तथा गुण्डागर्दी गर्ने, घरेलु हिंसा गर्ने र लागूऔषधको कारोबारमा संलग्न हुनसक्ने सामाजिक असरहरु देखिन्छन् ।

लागूऔषध दुर्व्यसनका कारण व्यक्तिलाई आर्थिकरुपमा कमजोर बनाउनुको साथै मानव स्वास्थ्य, सार्वजनिक शान्ति, आर्थिक उन्नतिमा अपूरणीय क्षति हुने देखिन्छ । दुर्व्यसनका कारण अपव्यय बढ्ने, रोजगारीको अवसर गुम्ने, गरिबी बढ्ने, उत्पादकत्व तथा उद्यमशीलतामा ह्रास आउने, काममा अनियमितता र कार्यस्थलको वातावरण विथोलिनेजस्ता असरहरु पर्दछन् ।

## लागूऔषध दुर्व्यसन नियन्त्रणका प्रयासहरू

नेपालमा लागूऔषध नियन्त्रणसम्बन्धी मुख्य मार्गदर्शक दस्तावेजका रुपमा लागूऔषध राष्ट्रिय नीति, २०६३ रहेको छ । सो नीतिअनुसार लागूऔषध नियन्त्रणमा आपूर्ति नियन्त्रण, माग घटाउने, उपचार तथा पुनःस्थापना, क्षति न्यूनीकरण, अनुसन्धान र विकास, सहकार्य तथा स्रोत साधन उपयोगका कामहरु भएको प्रहरीले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार लागूऔषधको दुर्व्यसन नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालनलाई व्यापक र तिव्र पारिएको छ भने विद्यालयहरुमा लागूऔषध सम्बन्धी कक्षाहरु सञ्चालन गरिएको छ ।

लागूऔषधको ओसारपसार, बिक्रीवितरण तथा उत्पादनमा विशेष निगरानीको व्यवस्था गर्नुको साथै गस्ती बढाइएको प्रहरीको भनाइ छ । युवा वर्गलाई भेला हुन दुरुत्साहन गरिएको छ । लागूऔषधका दुर्व्यसनीहरुको पहिचान गरी कारवाही गर्ने, कारवाही प्रक्रियाबारे पत्रपत्रिका तथा अन्य सञ्चार माध्यमद्वारा प्रचारप्रसार गर्ने, लागूऔषध नियन्त्रण अभियानमा स्थानीय समाजसेवी, क्लब तथा संघसंस्थाहरुलाई सहभागी गराउने, सीमा नाकाहरुमा कडाईका साथ चेकजाँच गर्ने, सादा पोशाकमा प्रहरी परिचालन गरी लागूऔषध ओसारपसार र बिक्रीवितरण हुने इलाकाहरुमा कडाईका साथ चेकजाँच, लागूऔषध बढी उत्पादन हुने समयमा लागूऔषधको खेती नष्ट गर्ने गरिएको छ ।

यस्तै, विभिन्न संस्थाहरुसँगको समन्वय र सहकार्यमा अवैध गाँजा/अफिम खेतीलाई विस्थापित गरी कृषकलाई कृषि/नगदे बालीतर्फ आकर्षित गर्न प्रेरित गर्ने काम भएको छ । अवैध गाँजा/अफिम खेतीलाई विस्थापनको लागि प्रभावित क्षेत्रमा सुर्ती खेतीलाई समेत प्रोत्साहन कार्य अघि बढाइएको छ ।

## दुर्व्यसन नियन्त्रणको जिम्मेवारी र भूमिका

लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि विषेशगरी तीन तहका सरकारबिचको समन्वय महत्वपूर्ण रहन्छ । तीन तहका सरकारबिच समन्वय र सहकार्यबाट प्रभावकारी योजनासहित अघि बढ्नु अहिलेको आवश्यकता हो । लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि स्थानीय तहले निर्धारित कार्यक्रममा सहयोग, समन्वय र साझेदारी गर्न भूमिका निर्वाह गर्नुपर्छ भने आफ्नो क्षेत्रभित्र लागूऔषधको अवस्था, जोखिमको मूल्यांकन गरी ठोस योजना तयार गर्नुपर्दछ ।

प्रदेश सरकारले प्रदेशभित्र लागूऔषध रोकथाम तथा नियन्त्रणका लागि आवश्यक रणनीति लिने, सचेतना फैलाउने तथा तालिम र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने कार्य गर्नुपर्दछ भने संघीय सरकारले जोखिममा रहेका युवाहरुलाई जोगाउने तथा प्रभावकारी योजनासहित कार्यक्रम तयार गर्नुपर्दछ । कानुन निर्माण तथा कार्यान्वयनमा सम्बन्धित निकायलाई निर्देशन गर्ने, प्रभावकारिताका लागि नियमनमा कडाई गर्ने काम संघीय सरकारले गर्नुपर्दछ ।

यस्तै, लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि निजी क्षेत्रले सरकारको लक्ष्य प्राप्तिमा सहयोगीको भूमिका निर्वाह गर्नुपर्दछ । लागूऔषध प्रयोगकर्ताहरुको लागि आधुनिक एवम् गुणस्तरीयरूपमा पुनःस्थापना केन्द्रहरुको सञ्चालन गर्न जरुरी रहेको छ ।

नागरिक समाजबाट लागूऔषधको जोखिम तथा यस क्षेत्रमा देखिने समस्याहरुको बारेमा आवश्यक खबरदारी गर्ने तथा नागरिकमा लागूऔषधविरुद्ध सचेतना जगाउन विभिन्न अभियानहरु र आवश्यकता अनुसार अन्य क्रियाकलापहरु सञ्चालन गर्ने, गैरसरकारी क्षेत्रबाट राज्य र समुदायसँग समन्वयमा रही सचेतना वृद्धि गर्ने, स्थानीयस्तरमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

लागूऔषधको दुर्व्यसन नियन्त्रणका लागि परिवारको तर्फबाट आफ्ना छोराछोरीको उचित रेखदेख गर्नुपर्दछ भने विद्यालय जाने छोराछोरी भएमा जाने र आउने समय ख्याल गर्ने, साथीसंगतका बारेमा जानकारी राख्ने, विद्यालयका बारेमा जानकारी राख्ने, समय-समयमा विद्यालय वा कलेजमा सम्पर्क राख्ने, खराब साथी र संगतमा पर्न नदिन वातावरण बनाउने, छोराछोरीको रुचिमा ख्याल गर्ने र उमेरलाई विचार गरी रुचिअनुसारको काम गर्ने क्षमताको सिर्जना गर्ने, विभिन्न किसिमको रचनात्मक गतिविधिमा लाग्न उत्प्रेरित गर्ने, समय-समयमा राम्रा विषयमा उनीहरुलाई जानकारी गराउने । छोराछोरीको सामुन्ने कुनै किसिमको नराम्रो बानी व्यहोरा प्रदर्शन नगर्ने, नराम्रो गरेमा तुरुन्त त्यसको प्रतिक्रिया जनाउनेजस्ता भूमिका निर्वाह गर्नुपर्दछ ।

लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि समाजका तर्फबाट स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने, लागूऔषध विशेषज्ञ तथा तालिम प्राप्त व्यक्तिहरुबाट प्रशिक्षण दिन लगाउने, बढ्दो बेरोजगारी समस्या समाधान गर्न सीपमूलक तालिम सञ्चालन गरी रोजगारीमा लगाउने, लागूऔषध तथा सोको सेवनकर्तामा हुनसक्ने असरबारे जानकारी गराउने, आफ्नो टोल छिमेक एवम् बस्तीमा अनावश्यकरुपमा युवायुवती भेला हुन नदिने, नयाँ मानिसहरुको आवतजावत भएमा निगरानी राख्ने, छिमेकमा कुनै दुर्व्यसनी भएमा सुधारका लाग उपचारको व्यवस्था मिलाउनु पर्दछ ।

## लागूऔषध दुर्व्यसन नियन्त्रणका चुनौतीहरू

लागूऔषध दुर्व्यसनका कारण प्रयोग र कारोबार दुबैको मात्रामा विस्तार तथा विविधिकरण देखिएको छ । लागूऔषध र मनोद्वीपक पदार्थहरुको दुरुपयोग, अवैध खेती, उत्पादन बढेको देखिन्छ भने लागूऔषधसम्बन्धी गैरकानुनी गतिविधिमा सूचना तथा सञ्चार प्रविधिको आपराधिक दुरुपयोगमा वृद्धि भइरहेको छ ।

सिन्थेटिक ओपियड्स र प्रेस्किप्सनबमोजिमका औषधीको गैर चिकित्सकीय प्रयोग बढिरहेको छ भने लागूऔषधको अवैध कारोबारबाट उत्पन्न अवैध मुद्रा निर्मलीकरण भइरहेको छ । अवैधरुपमा नयाँ-नयाँ प्रकारका मनोद्वीपक पदार्थहरुको उपलब्धता बढेको छ भने लागूऔषध अपराधमा संलग्न कारोबारीहरुको आपराधिक कार्यविधि तथा शैलीमा परिवर्तन हुनुका साथै खर्चिलो सूचना व्यवस्थापन विधि र बजेटको सिमितता देखिएको छ ।

# कोशीमा २ मन्त्रालय थप्ने तयारी

विराटनगरः कोशी प्रदेशमा मन्त्रालय फुटाएर ११ वटा बनाउने तयारी भएको छ । नेपाली कांग्रेस र नेकपा एमालेको शीर्ष तहमा भएको सहमतिअनुसार कोशीमा ९ वटा मन्त्रालयबाट थपेर ११ वटा बनाउने तयारी भएको दुबै दलका नेताहरुले बताएका छन् ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर शहरी विकास मन्त्रालय बनाउने तयारी छ । उद्योग, कृषि र सहकारी मन्त्रालयबाट फुटाएर उद्योग मन्त्रालय बनाउने तयारी छ । दुई दलका बीचमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट कानुन अलग गर्नेबारे पनि छलफल भएको छलफलमा सहभागी नेता निकट स्रोतको भनाइ छ ।

कोशीमा सरकारमा सहभागी हुने निर्णय गरेको नेपाली कांग्रेस आन्तरिक भागवण्डा नमिलेका कारण सरकारमा सहभागी भएको छैन । मन्त्रालयको संख्या थप गर्ने विषयमा कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीले दुई चरणमा छलफल गरिसकेका नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाले बताए । 'सभापति देउवा र प्रधानमन्त्री ओलीबीच दुई चरणमा छलफल भएको छ, दुईवटा मन्त्रालय थप गर्ने विषयमा छलफल नजिक-नजिक पुगेको छ', उनले भने, 'दुई-चार दिनमा सरकारमा कांग्रेस जान्छ ।'

सरकारको काम प्रभावकारी बनाउन मन्त्रालय थप्न आवश्यक भएको थापाले दाबी गरे । 'मन्त्रालय थप्ने कुरा कोशी प्रदेशमा अति आवश्यक छ, दलहरुको भागबण्डा पुऱ्याउन भन्दा पनि सरकारलाई स्थायी रुप दिएर सरकारको गतिविधिलाई अगाडि बढाउन दुई वटा मन्त्रालय थप्नु अथवा फुटाउनु अनिवार्य छ', उनले भने । मन्त्रालयहरुमा रहेको बजेट असन्तुलन मिलाउन पनि फुटाउनुपर्ने कांग्रेस नेता थापाको दाबी छ । 'भौतिक र शहरी विकास एकै ठाउँ हुँदा बजेटको ५० प्रतिशत एउटा मन्त्रालयमा छ, बाँकी ५० प्रतिशत ८ वटा मन्त्रालयमा बाँड्नु परेको छ, कहीँ आवश्यक बजेट प्राप्त गरेको छैन, कहीँ चाहिँ बजेटको फ्लो बढी भएर बजेट फ्रिज भएर जाने अवस्था छ त्यसैले मन्त्रालय फुटाउन जरुरी छ ।'

सरकारका कामलाई सहज ढंगले अघि बढाउनका लागि मन्त्रालय फुटाउने तयारी भएको उनको भनाइ छ । 'यो सरकार स्थायी सरकार हो, दुई वटा ठूला दल मिलेर बनेको सरकार हो, स्थायी सरकारले जनतालाई डेलिभरी दिने हो र सुशासनको प्रत्याभूति दिने हो, यसका लागि मन्त्रालय पनि सन्तुलित हुनुपऱ्यो, बजेट कार्यक्रम पनि सन्तुलित हुनुपऱ्यो', उनले भने, 'बाहिर दललाई भागबण्डा पुऱ्याउने नारा लागेपनि प्रदेश सरकारलाई स्थिरता र स्थायी रुपले काम गर्नका निमित्त दुई वटा मन्त्रालय थप गर्न जरुरी छ ।'

राजेन्द्रकुमार राई नेतृत्वको सरकारले २३ माघ २०७८ मा प्रदेशको ७ वटा मन्त्रालयलाई विभाजन गरी १३ वटा बनाएको थियो । राजेन्द्र राईले मन्त्रालय विभाजन गर्दा वर्तमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आलोचना गरेका थिए । दोस्रो प्रदेशसभा निर्वाचनपछि २५ पुस २०७९ मा मुख्यमन्त्री बनेका कार्कीले पहिलो निर्णय मन्त्रालयको संख्या घटाएर ९ बनाएका थिए । तर अहिले फेरि राजनीतिक भागवण्डा पुऱ्याउनका लागि उनले मन्त्रालय संख्या थप गर्न लागेका हुन् ।

मन्त्रालय थप्ने सरकारको तयारीको नेकपा माओवादी केन्द्रले भने विरोध जनाएको छ । माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने, 'व्यक्ति व्यवस्थापन र भागवण्डाका नाममा दीर्घकालीन दायित्व सिर्जना हुनेगरी मन्त्रालय विभाजन गर्ने कार्य स्वीकार्य हुँदैन ।' कांग्रेस एमालेबीचको गठबन्धन बनेको दुई महिना भएपनि कोशी प्रदेशमा एमाले नेतृत्वको सरकारमा कांग्रेस सहभागी भएको छैन ।

त्यस्तै, गण्डकी प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकारमा एमाले सहभागी भएको छैन । दुईवटै प्रदेशमा मन्त्रालय थप गरेपछि एक अर्का दल सरकारमा सहभागी हुने तयारी छ । 'दुई वटा प्रदेशका विषयमा प्याकेजमा सहमति हुन्छ', कांग्रेस नेता थापाले भने ।

*(स्रोतः अनलाइनखबर)*

**Admission Open !!!**

+2 Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौंडा- सिटि कलेज (जेनिथ मावि)

हेटौंडा-५, पिप्ले

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# सम्पादकीय

## बन्द उद्योग सञ्चालनको रहर

दुई दशकभन्दा बढी समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुन:सञ्चालन गर्ने कुरा बारम्बार चर्चामा आइरहेको छ । सरकारले वर्षेनि ल्याउने नीति तथा कार्यक्रम र बजेटमा हेटौंडा कपडा उद्योग पुन:सञ्चालनको विषयले प्राथमिकता पाउँदै आएको भए पनि कार्यान्वयन हुन सकेको छैन । खण्डहर बनिसकेको कपडा उद्योग पुन:सञ्चालन गर्न सहज नभए पनि सरकारले सस्तो लोकप्रियताका लागि रहरमात्र गरिरहेको छ । सरकार परिवर्तन भएसँगै कपडा उद्योग पुन:सञ्चालनका लागि भन्दै उद्योगको अनुगमन र अवलोकन गर्ने क्रमले निरन्तरता पाइरहेको छ । उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरेर मोडालिटी बनाउन समितिसमेत गठन हुने गरेको भए पनि ठोस परिणाम प्राप्त हुन सकेको छैन । हेटौंडा कपडा उद्योगको गर्विलो इतिहास र वर्तमान आवश्यकताका आधारमा उद्योग सञ्चालन गर्नु आवश्यक भए पनि उद्योग पुन:सञ्चालन गर्नु कम चुनातीपूर्ण छैन ।

उद्योग पुन:सञ्चालन गर्ने भन्दै संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीसहितको टोलीले हालै हेटौंडा कपडा उद्योगको अवलोकन गरेको छ । अवलोकनका क्रममा उद्योग मन्त्रीले कपडा उद्योग सञ्चालनको मोडल तय गर्ने अन्तिम तयारी भएको बताएका छन् । अहिलेकै अवस्थामा उद्योग सञ्चालन सम्भव नभए पनि हेटौंडा कपडा उद्योगसहित ९ वटा उद्योगका विषयमा सरकारले छिट्टै निर्णय गर्ने तयारी गरेको मन्त्रीको भनाइ छ । अर्थ मन्त्रालयको निजीकरण इकाईले ९ वटै उद्योग सञ्चालनको मोडल तयार गरी केही दिनमै निर्णय गर्ने बताइएको छ ।

चीन सरकारको सहयोगमा २०३२ सालबाट निर्माण सुरु भएर २०३५ सालबाट कपडा उत्पादन सुरु गरेको हेटौंडा कपडा उद्योग २०५४ सालदेखि घाटा बेहोर्दै २०५६ फागुनबाट बन्द भयो । २०५७ माघमा उद्योग बन्द गर्ने निर्णय गरेको सरकारले २०५९ मा उद्योग नै खारेज गऱ्यो ।

२०६५ सालमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा उद्योग सञ्चालनका लागि आवश्यक बजेटसहित उद्योगका मेसिनको मर्मत गरेर परीक्षण उत्पादनसमेत गरिए पनि उद्योग सञ्चालन हुन सकेन । २०६६ कात्तिकमा उद्योगलाई पुन: दोस्रो पटक खारेज गर्ने निर्णय सरकारले गऱ्यो । २०७३ पुसमा तत्कालीन उद्योगमन्त्री नवीन्द्रराज जोशीले सुरक्षा निकायसमेतको लगानी र व्यवस्थापनमा उद्योग पुन: सञ्चालनको निर्णय गरे पनि काम भएन । २०७५ भदौमा तत्कालीन उद्योगमन्त्री मातृका यादवले हेटौंडा कपडा उद्योग र गोरखकाली रबर उद्योग सञ्चालनको विषय छिट्टै टुंगोमा पुग्ने कुरामै सिमित भयो । २०७६ माघमा कपडा उद्योगको अनुगमन गरेका तत्कालीन मन्त्री लेखराज भट्टले उद्योग सञ्चालनको मोडालिटीसहित छिट्टै मन्त्रालयले निकास निकाल्ने बताएका थिए । २०७९ साउनमा तत्कालीन मन्त्री दिलेन्द्रप्रसाद बडूले हेटौंडा कपडा उद्योगको अनुगमन गर्दै उद्योग सञ्चालनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने तयारी गरेको भने पनि कुनै प्रक्रिया अघि बढ्न सकेन । गत माघ १४ मा तत्कालीन प्रधानमन्त्री प्रचण्डले एक साताभित्र हेटौंडा कपडा उद्योग सञ्चालनको मोडालिटी तयार पारेर पेस गर्न निर्देशन दिए पनि परिणाम आएन ।

उद्योग बन्द भएदेखि नै विभिन्न समयमा सरकारले कपडा उद्योग नेपाली सेनालाई जिम्मा दिने, निजी क्षेत्रलाई जिम्मा दिने, राष्ट्रसेवकको पोसाक उत्पादन गर्नेलगायत  मोडालिटीको कुरा गरे पनि काम हुन सकेको छैन । हेटौंडा कपडा उद्योग सञ्चालनको विषयमा धेरै समिति तथा कार्यदलको अनुगमन, अध्ययन प्रतिवेदनमै सिमित रह्यो । अढाई दशकसम्म बन्द रहेको कपडा उद्योग पुन:सञ्चालन गर्ने दर्जनौं पटकको प्रयास असफल हुँदा पनि उद्योग पुन: सञ्चालनको रहर गर्नुको औचित्य छैन । खण्डहरजस्तै बनिसकेको उद्योगका संरचना र खिया लागेको पुराना प्रविधिका मेसिन प्रयोग गरेर उद्योग सञ्चालन गर्ने सम्भावना छैन भन्ने तथ्य बुझ्न किन नसकेको होला ? सस्तो लोकप्रियताका लागि जीर्ण र बन्द सरकारी स्वामित्वको उद्योग सञ्चालन गर्ने रहर गर्नुभन्दा आवश्यकता र औचित्यका आधारमा नयाँ प्रविधिसहितको उद्योग स्थापना र सञ्चालनमा सरकारले ध्यान दिनु उचित होला ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी  ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : रोकिएका र अप्ठ्यारा कामहरु  बन्नेछन् । |
| वृष | : आत्मबलले कामको दायित्व बढ्नेछ । |
| मिथुन | : परीक्षा प्रतियोगिताका काममा सफलता प्राप्त । |
| कर्कट | : सामाजिक र धार्मिक यात्रा योगमा सरिक । |
| सिंह | : अध्ययन – अध्यापनबाट लाभ प्राप्त होला । |
| कन्या | : सामाजिक र धार्मिक यात्रामा सरिक भइनेछ । |
| तुला | : प्रतिस्पर्धीसँग विजय प्राप्त हुने समय छ । |
| वृश्चिक | : रोकिएका कामहरु बन्ने समय योग छ । |
| धनु | : प्रशासनिक क्षेत्रका समस्याहरु हल हुँदै जालान् । |
| मकर | : स्वास्थ्य सबल र रोकिएका कामहरु बन्लान् । |
| कुम्भ | : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक । |
| मीन | : शिक्षादीक्षाका क्षेत्रमा समय व्यतित हुने योग छ । |

# पहिले आफ्नो देश घुमौं अनि विदेश

निनाम लोवत्ती

आजकाल विश्व नै एक गाउँ हो भन्ने भनाइ छ। हुन पनि मान्छेले चाहेमा आजकालको जमानामा एकैछिनमा विश्व ब्रह्माण्ड घुम्न सक्छ। कुनै पनि व्यक्तिले आफूले जन्म लिएको देश मन नपरेमा आफूलाई मन परेको कुनै न कुनै देशमा सजिलै बसाइँ सरेर जान सक्छ। त्यसका लागि धन र सम्पत्तिचाहिँ प्रशस्तै हुनुपऱ्यो । अन्यथा, कैयौं पुस्ता (पिता-पुर्खा) देखि बस्दै आएको आफ्नो मूल भूमि अर्थात् आफूले जन्म लिएको मातृभूमि त्यति सजिलै कहाँ छाड्न सकिएला र ?

आफ्नै देशभित्र बसाइँ सर्न त कति गाह्रो छ। बसाइँ सर्ने कुरो भनेको आफू बसिरहेको ठाउँमा भन्दा राम्रो स्वास्थ्य सेवा, आर्थिक सुरक्षा, यातायातको सुविधा, शिक्षामा सहज पहुँच, सुखसयल आदि प्राप्तिका लागि नै हो। अनि विदेश बसाइँ सर्ने कुरो त त्योभन्दा पनि माथिको कुरो हुने भयो । जे होस्, यो लेखमा चाहिँ पर्यटक भई घुमफिर गर्ने सन्दर्भमा चर्चा गरिएको छ।

गएको नयाँ वर्ष (विक्रम संवत्अनुसारको नयाँ वर्ष २०८१ वैशाख १) मा हाम्रो देश नेपालका विभिन्न पर्यटकीय स्थल र सहरबजारमा भीडभाडका साथ नेपालीहरुको उपस्थिति थियो भनी विभिन्न सञ्चारमाध्यमा समाचार आएको थियो । हिजोआजका नयाँ पुस्ताका नेपालीहरुमा नयाँ वर्ष (विक्रम तथा इस्वी संवत्), दसैं बिदालगायत अन्य चाडपर्वका अवसरमा स्वदेशका विभिन्न ठाउँका साथै विदेश घुम्ने प्रचलन बढ्दो क्रममा रहेको देखिन्छ।

त्यसैले त हिजोआज विक्रम संवत् तथा इस्वी संवत्को नयाँ वर्ष, दसैं, तिहार, छठ पर्व, उधौली, उभौलीको अवसरमा दिइने बिदालगायत अन्य जातजातिका चाडपर्वका अवसरमा आन्तरिक पर्यटकका रुपमा आफ्नो देशको विभिन्न ठाउँमा लामो तथा छोटो भ्रमण गर्न जाने नेपालीहरूको संख्या पनि बढ्दो क्रममा रहेको छ । यस्ता खालका बिदा र उत्सव मनाउने क्रम विक्रम संवत्का अवसरमा भन्दा ग्रेगोरी पात्रो (इस्वी संवत) अनुसारको न्यू इयर एवम् क्रिस्चियन धर्मावलम्बीहरूको क्रिसमस डे एवं इभका अवसरमा बढी चहलपहल देखिन थालेको छ । हुन त चाडपर्व तथा आन्तरिक पर्यटनको कुरो गर्दा पछिल्लो पटक हिन्दू धर्मावलम्बीहरुको चाड बडादसैं एवम् तिहारको अवसरमा सबैभन्दा ठूलै संख्यामा नेपालीहरु घुम्न जाने गरेको तथ्यांक रहेको छ।

त्यसैले अब राज्यले नै नेपालका हरेक जातजाति, भाषाभाषी, धार्मिक समूह, वर्ग आदिका चाडपर्व, उत्सव, महोत्सव, जात्रामात्राहरूमा बिदा दिने व्यवस्था गर्ने हो कि ? यस सम्बन्धमा पनि अब छलफल र बहस गर्नुपर्ने देखिन्छ । तर, उनीहरु बिदामा घर बस्ने होइन कि आर्थिक हैसियतअनुसार बिदाको सदुपयोग गर्दै देशका विभिन्न ठाउँमा घुम्न जानुपर्ने भनी निर्देश गर्न सकिन्छ । जसले गर्दा देशका कुना-कन्दरासम्म अर्थतन्त्र चलायमान हुन सहयोग पुग्न सक्ने देखिन्छ ।



जस्तै मधेसका मानिसले मनाउने गरेको छठ पर्व, जुडसिल, काठमाडौं उपत्यकालगायत नेपालभरिका नेवार जातिले मनाउने योमरी पुन्ही, मगर र थारुका साथै नेपालका अन्य जातजातिले मनाउने गरेको माघे संक्रान्ति (मकर संक्रान्ति), भगवान् गौतम बुद्धको जन्मजयन्ती, किराती समुदायको उभौली, उधौली पर्व, हिन्दू धर्म मान्नेहरुको जनैपूर्णिमा, र क्षाबन्धन, कुशे औंसी, गौरा पर्व, किराती कुलुङ जातिले धूमधामका साथ मनाउने गरेको चाक्चाकुर, गुरुङ जातिको तोला ल्होसार, तामाङ जातिको सोनाम ल्होसार, शेर्पा तथा हिमाली क्षेत्रमा बस्ने अन्य जातिहरुले मनाउने ग्याल्पो ल्होसार, थकाली जातिको तोरन्ल, अनि त्यस्तै गर र नेपालका भौगोलिक एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्म-जयन्तीलगायत नेपालका जनताले मनाउने गरेका असंख्य चाडपर्व, मेला, जात्रा, दिवस र जन्म-जयन्तीहरुमा जो जससँग सम्बन्धित छ, खास गरीकन नेपाल सरकारका हरेक निकायमा कार्यरत कर्मचारीलाई छोटा-छोटा बिदा (पेस्कीसहित काजमा बिदा) दिएर देशभित्रकै विभिन्न ठाउँमा घुम्न जान दिने प्रचलन सुरु गर्नुपर्ने देखिन्छ । तर, उनीहरु जुन ठाउँमा गएका हुन्, त्यस ठाउँको हालैको नयाँ फोटो, भिडियो, होटल, लजमा खाए-बसेको (रात बिताएको) बिल, गाडी वा हवाईजहाजको टिकट, कोसेली किनेको बिल आदिको भर्पाई अनिवार्य पेस गर्ने व्यवस्था गरिनुपर्छ ।

हुन त हाम्रो देश नेपालमा दिनदिनै चाडपर्व, जात्रामात्रा, मेलापर्व, दिवस, जन्मजयन्ती आदि पर्छन् । जे भए तापनि हिजोआज हामी नेपालीहरूमा पनि चाडपर्व, दिवस आदिका अवसरमा पाइने छुट्टी वा भनौं बिदामा सके विदेश घुम्ने, नभए स्वदेशकै विभिन्न ठाउँ घुमफिर गर्ने बानीको विकास हुँदै छ। जुन कुराले गर्दा ग्रामीण क्षेत्रकाससाना होटल, लज र होमस्टे सञ्चालकहरूका लागि धेरै राम्रो आर्थिक आधार खडा भएको छ । किनभने हामी नेपालीहरूले पनि आ-आफ्नो चाड, पर्व, मेला, दिवस, जन्मजयन्ती आदिका अवसरमा पाइने छुट्टी वा भनौं बिदालाई सदुपयोग गर्दै घुमफिर गर्ने बानी बसालेमा आफ्नो देशका जातजाति, भाषाभाषी, भूगोल, प्राचीन स्थल, पुराना गुफा, ओढार, स्मारक, गढी, किल्ला, दुर्ग, ऐतिहासिक स्थल, प्राकृतिक सुन्दरताको बेग्लै अनुभव गर्न र अनुभूति लिन सक्छौं। साथै, देशको आन्तरिक अर्थतन्त्र पनि चलायमान हुन्छ । यसरी हामीले घुम्ने बानी बसालेमा देश विकासमा पनि केही न केही भरथेग र सहयोग पुग्छ।

खासगरी हामीले हिन्दू धर्मावलम्बीले मान्ने चाड विजयादशमी अर्थात् दसैं र दीपावली अर्थात् तिहारका अवसरमा मात्रै लामो बिदा पाउने गरेका छौं । जबकि नेपालका हरेक जातजाति, भाषाभाषी, धर्मावलम्बीहरूले लामो समय (१५ दिनदेखि एक महिना) सम्म आफूले मान्ने चाड पर्व मनाउने गर्छन्। तीमध्ये कतिपय जातजाति र समुदायलाई सो अवसरमा राज्यले बिदा नै दिएको छैन भने बिदा दिइएका जातजातिलाई पनि एक दिन मात्र बिदा दिने गरिन्छ । यसरी हेर्दा राज्यले आफ्ना नागरिकमध्ये कसैलाई काखा र कसैलाई पाखा गरेको र विभेदपूर्ण ढंगले व्यवहार गरेको देखिन्छ। राज्यले त आफ्ना देशका सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने होइन र ?

धेरै नेपाली, जो निजामती कर्मचारी, नेपाली सेना, जनपद प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर विभाग, नेपालमा रहेका राजदूतावास, विदेशी नियोग, दातृ निकाय, निजी क्षेत्रका बैंक, वित्त कम्पनी, फाइनान्स कम्पनी, सहकारी, आइएनजिओ, एनजिओ, निजी कम्पनी तथा कलकारखाना, उद्योग, सेवाप्रदायक कम्पनी, फर्म तथा सूचना प्रविधिको क्षेत्रमा कार्यरत मानिसहरूले बिदाको समयमा देशभित्रकै विभिन्न स्थानमा आन्तरिक पर्यटकका रुपमा जान थालेका छन् । यसरी हेर्दा नेपालीहरूले पनि पछिल्लो पटक देशको विभिन्न ठाउँमा बिदा मनाउन गएर आन्तरिक पर्यटक भई समग्रमा देशको आर्थिक विकासमा योगदान दिन थालेका छन्, यो धेरै राम्रो कुरो हो।

हुन पनि अर्थमन्त्री विष्णु पौडेलले देशको आर्थिक गतिविधि नेपालको कुनाकुनासम्म चलायमान होस् भन्ने पवित्र उद्देश्यले सरकारी कर्मचारीलाई १० दिनको 'पर्यटन काज बिदा' दिनेसम्बन्धी नीति ल्याएका थिए। तर, तत्कालीन अवस्थामा सरकारी कर्मचारीलाई १० दिनको पर्यटन काज बिदा दिनेसम्बन्धी नीतिलाई कार्यान्वयनमै ल्याइएन । कर्मचारीतन्त्र, खास गरी ठूला पदमा रहेका कर्मचारीले देश विकासमा आफ्नो पनि सानोतिनो योगदान पुग्ने, रहने सम्झेर कम्मर कसेर सरकारले ल्याएको सरकारी कर्मचारीलाई १० दिनको पर्यटन काज बिदा दिनेसम्बन्धी सो नीतिलाई कार्यान्वयनमा ल्याउन र त्यसका लागि चाहिने कार्यविधि कसरी बनाउने, कार्यविधिमा केके राख्ने भनी तदारुकताका साथ लाग्नुपर्ने थियो। तर, सरकारले ल्याएको सरकारी कर्मचारीलाई १० दिनको पर्यटन काज बिदासम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याउनुको सट्टा यता न उता बनाए, जुन साह्रै दु:खद हो।

जे भए पनि हामीले आफ्नै देशभित्रका पर्यटकीय महत्वका विभिन्न ठाउँ, जस्तो कि ऐतिहासिक महत्वका ठाउँ, सांस्कृतिक महत्वका स्थान, डाँडा, किल्ला (फोर्ट), दुर्ग, ऐतिहासिक युद्धस्थल, ऐतिहासिक स्मारक, सम्पदा रहेका ठाउँ, प्राचीन महत्व बोकेका महत्वपूर्ण स्थलका साथै स्मारक, आफ्नो देशको विभिन्न स्थानमा बसोबास गरेका जातजाति, भाषाभाषी, धार्मिक स्थल, मठमन्दिर, गुम्बा, सहरबजार गाउँघर, हिमाल, पहाड, तालतलैया, निकुञ्ज आदि क्षेत्रको घुमफिर गर्नका लागि प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

सकेसम्म आफ्नै देशभित्र रहेका पर्यटकीय महत्वका ठाउँ, ऐतिहासिक महत्वका ठाउँ, सांस्कृतिक महत्वका स्थान, किल्ला, दुर्ग, ऐतिहासिक स्थल, स्मारक, सम्पदा, प्राचीन महत्व बोकेका स्थल, स्मारक, आफ्नो देशको विभिन्न स्थानमा बसोबास गर्ने जातजाति, भाषाभाषी, धार्मिक समूह आदिको गाउँ, ठाउँ, सहर, बजार घुमफिर गरौं। घरपरिवारको खर्च धानेर बचत गर्न सक्ने, घुमफिर गर्नका लागि खर्च गर्न सक्ने स्थितिमा रहेका नेपालीहरुले सकेसम्म पहिले आफ्नै देशभित्र रहेका पर्यटकीय तथा ऐतिहासिक महत्वका ठाउँ घुमफिर गरौं, घुमौं अनि मात्रै विदेशका विभिन्न ठाउँ घुमौं ! *(स्रोत: कारोबारदैनिक)*

# हास्यव्यङ्ग्य गाईजात्राको इतिहास र वर्तमान



घनश्याम गौतम

दु:ख बिर्साउनका लागि सुरु भएको सबैभन्दा पुरानो पर्व हो, गाईजात्रा ।

भाद्रकृष्ण प्रतिपदामा विगतका वर्षमा दिवंगत भएकाको सम्झनामा दु:ख बिर्साउन रमाइलो गरेर मनाइने यो जात्रा हास्यव्यङ्ग्य कलाकारको सबैभन्दा ठुलो पर्व हो ।

छोराको निधनपछि शोकमा डुबेकी आफ्नी रानीलाई खुसी पार्न राजा प्रताप मल्लले अनेक जुक्ति लगाए । केही सीप नलागेपछि जसको घरमा मान्छे बितेका छन्, उनीहरूलाई रङ्गीचङ्गी कपडा लगाई गाई समेत लिएर जात्रामा निस्कन आदेश दिए । त्यस बेलादेखि गाईजात्रा मनाउन थालिएको हो ।

प्रताप मल्लका पालामा पाटनको डबलीमा देखाइने कात्तिके नाच पनि निकै प्रसिद्ध छ ।  प्रताप मल्लको समयदेखि चलिआएको गाईजात्रालाई हास्यव्यङ्ग्यको रमाइलो गर्ने चाडका रुपमा मनाउन थालिएको हो ।




राजा वीरेन्द्रका समयमा २०३३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा बर्सेनि एक हप्ता गाईजात्रा महोत्सवका रूपमा प्रारम्भ हुन थाल्यो ।

यो कार्यक्रम आउनुअघि हास्यव्यङ्ग्यकार रामकुमार पाँडेको कलियुग पत्रिका र उनका लेखन-प्रकाशनले दरबारमा प्रभाव पारेको थियो। त्यस बखतका उनका गुरु दरबारका सचिवले राजाको स्वीकृतिमा प्रज्ञा प्रतिष्ठानमार्फत यस कार्यक्रमलाई सार्वजनिक रुपमा ल्याउन लगाएको कुरा त्यस बेलाका प्रज्ञाका सचिव सत्यमोहन जोशीले बेलाबखत आफ्नो प्रवचनमा उल्लेख गरेका थिए।

२०४६ सालमा बहुदल आएसँगै महोत्सव बन्द भयो । त्यसपछि वरिष्ठ हास्यव्यङ्ग्यकार रामकुमार पाँडेले 'हास्यव्यङ्ग्य समाज नेपाल (हासने) गठन गरे र हास्यव्यङ्ग्य महोत्सवलाई निरन्तरता दिए ।

राजा महेन्द्रको समयमा पनि नाचघरमा रसरङ्ग कार्यक्रम सञ्चालन भएको थियो, त्यति बेलाका हास्यव्यङ्ग्य कलाकार मास्टर केशव, राजपाल थापा, ध्रुव हाडाको हास्य मञ्चन अद्‌भुत थियो । त्यस्तै गोपालराज मैनाली, लक्ष्मण लोहनी लगायत प्रभावशाली कलाकार थिए ।

भीमबहादुर थापा, रामशेखर, वसुन्धरा भुसालपछि गाईजात्रा महोत्सवसँगै मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य देखापरे । मदनकृष्ण र हरिवंश जोडी भएर 'मह' बनेपछि 'मह हास्यव्यङ्ग्य महोत्सव'लाई निकै लोकप्रिय बनाए ।

रमेश केसी, राजाराम पौडेल, किरण केसी, सन्तोष पन्त, आनन्द थापाले हास्यव्यङ्ग्य महोत्सवलाई नै अघि बढाए । त्यसपछि शैलेन्द्र सिम्खडा, शम्भु दाहाल, शिवहरि पौडेल, खेम शर्मा, साम्दे शेर्पा, डम्बर घिमिरे, मनोज गजुरेल दीपकराज गिरी, दीपाश्री निरौला, कमल मैनाली, जितु नेपाल, दमन रूपाखेती, कमल गाउँले, सुरेन्द्र केसी, पल्पसा डङ्गोल, गोपाल नेपाल 'फिस्टे', शिवशंकर रिजाल, रवि डंगोल, राजन थापा, पूर्ण थापा, केदार घिमिरे 'माग्ने बुढो', सीताराम कट्टेल 'धुर्मुस', विष्णु सापकोटा, हर्के हल्दार आदिले हास्यव्यङ्ग्यको मञ्च जमाए ।

अहिले रियालिटी सोहरूले हास्यव्यङ्ग्य क्षेत्रमा नयाँ पुस्ताका थुप्रै स्ट्यान्ड-अप कमेडियन जन्माएका छन् ।

...बाँकी पृष्ठ ३ मा

# चित्रकला






दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन
हेटौंडा-५





Aarogya Shrestha
Class: 4
Solidarity International Academy
Hetauda-10





सुयोग श्रेष्ठ
कक्षा:-४, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# चम्किलो तारा



**दिभा श्रेष्ठ**

चम्किलो तारा छ आकाशमा उज्यालो छाएको
झरेको तारा मानिसले देख्दा इच्छा जागेको
खुल्ला आकाशका तारा झैँ हुने इच्छा भएको
एक्लै भएनि छ, आकाशमा ऊ चम्किरहेको

चम्किला तारा झै चम्किरहने इच्छा बोकेको
ताराझै मानिसहरुको जिम्मेवारी साथै चम्केको
आकाशमा चम्कने उज्यालो मोती हो त्यो तारा
त्यही तारा झै हुने चाहाना राख्छन है यी सारा

ताराले भरेको आकाशको दृश्य नै फरक
सबैमा जाग्यो त्यो जोश र जाँगर नै फरक
आकाशमा एक्लै भएता पनि चम्केको तारा
चम्केर मात्र हैन जितेका छन् है मन सारा

चम्किलो तारा चम्केको देख्दा आकाश झल्कियो
झरेको तारा देखेको मन आनन्दित भैदियो
आनन्दित हुँदै मैले एउटा इच्छा मागेको
मागेको इच्छा पूरा भएमा खुशीले नाचेको

*कक्षा-९, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# शिक्षक



**शाश्वत डङ्गोल**

शिक्षक नै हो सबै खुसी
शिक्षक नै हो सबै जीवन
शिक्षकलाई गर्नुपर्छ सम्मान
शिक्षकको गर्नु हुँदैन अपमान

आफू जति दुःख भएपनि
सबैको सुख बढाउँदछन्
जति बलियो भएपनि
ज्ञानको सिप फैलाउँदछन्

आफ्नो जीवन भरी
विद्यार्थीलाई पढायौ
सबै विद्यार्थीहरुको
जीवन राम्रो बनायौ
उत्साह बोकी
पढाउन आयौ
सबै विद्यार्थीलाई
जीवन जिउन
कला सिकायौ

*कक्षा-८, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# आमा को हुन् ?



**कृतिका हुमागाईं**

आमा दिउसो हाम्रो संसार उज्यालो पर्ने सुर्य हो ।
आमा हाम्रो इजोरिया रात को चन्द्रमा हो ।

आमा चिसो को न्यानोपन हो ।
आमा गर्मी को सितल हो ।

आमा साधारण मान्छेको रुप मा भगवन हो
आमा हाम्रो दुःख हेर्ने परमात्म हुन्

आमा को बयान शब्द ले संभव छैन
आमा बिनाको मेरो जीवन संभव छैन

आमा,
समयले चलेको हाम्रो भबिस्य बताउँछ
तर हजुरको बिना हामीलाई अल्झाउछ

तपाईंको हास्य हरेक त्यो तपाईंको राज
हामीलाई बोध गराउने छ तपाईंको आज

तपाईंको स्नेहले हामीलाई छाँया दिएर
तपाईंको अनुहार, हाम्रो खुसीको आधार नै हेर


आमा हजुर मेरो हरेक खुसियाली क्षण को अर्थ
हजुर बिना मेरो अस्तित्व बेर्थ ।

आमा तपाईं हुन् सबैको आदार
तपाईंलाई मेरो कोटि कोटि नम्स्कार ।

*किक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२,*


# बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**

# देश छोड्ने करा गर्छन्



**सरोजप्रसाद साह**

देश छोड्ने कुरा गर्छन्,
मातृभूमि, स्वाभिमान र भेष छोड्ने कुरा गर्छन् ! २

जनै छ भने जाठ,
अरे जनै छ भने जाउ, त्यो आरामदायी पिजडामा ‼ २

यहाँ भविष्य, परिवार, र ज्यान दाउमा छन् देशको लागि,
र उता स्वदेश छोड्ने कुरा गर्छन् ! २

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)



खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## जोन स्मृति फुटबल प्रतियोगिता आजबाट

# उद्घाटन खेलमा हेटौंडा फुटबल एकेडेमी र नयाँबस्ती भिड्ने



*प्रथम संस्करणको जोन स्मृति फुटबल प्रतियोगिता हुने मनहरीको चौरको तस्वीर ।*

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा प्रथम संस्करणको जोन स्मृति खुला नकआउट फुटबल प्रतियोगिता आज बुधबारबाट सुरु हुने भएको छ । सयपत्री युवा क्लबको आयोजनामा गाउँपालिका वडा-६ स्थित जोगिताल खेलमैदानमा सुरु हुने प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा फुटबल एकेडेमी र नयाँबस्ती एफसीबीच प्रतिस्पर्धा हुनेछ । दुई टिमबीचको खेल ४ बजेबाट सुरु हुनेछ ।

गाउँपालिकाका पूर्वफुटबल खेलाडी जोन राना मगरको स्मृतिमा प्रतियोगिता आयोजना गर्न लागेको हो । सयपत्री युवा क्लबका पूर्वखेलाडी मगरको विसं २०७२ सालको भूकम्पका कारण निधन भएको थियो । उहाँको सम्झनामा क्लबले पहिलो पटक प्रतियोगिता आयोजना गर्न लागेको प्रतियोगिता संयोजक केदार योञ्जनले जानकारी दिनुभयो ।

सयपत्री क्लबको नेतृत्व गरेर फरवार्डको भूमिकामा जोनले विभिन्न जिल्लास्तरीय प्रतियोगितामा सहभागी जनाएको योञ्जनले बताउनुभयो । प्रतियोगिताका लागि सम्पूर्ण तयारी पूरा भइसकेको संयोजक योञ्जनले बताउनुभयो । प्रतियोगिताको खेलमैदानमा स्टेज व्यवस्थापन, घाँसहरु काट्ने काम र रङ लगाउने सबै काम पूरा भइसकेको उहाँको भनाइ छ ।

यस्तै, प्रतियोगितालाई सफतापूर्वक सम्पन्न गर्नका लागि प्रहरी परिचालन, स्वयम्सेवकको व्यवस्था र मनोज जिम्बाको संयोजकत्वमा सुरक्षा व्यवस्था समिति गठन गरेको छ । प्रतियोगिताका लागि हालसम्म विभिन्न निकायहरुबाट करिब एक लाख ३० हजार रुपैयाँ सहयोग प्राप्त भएको र सहयोग आउने क्रम जारी रहेको उहाँको भनाइ छ ।

प्रतियोगिताको प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनको दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, विधागत खेलाडीहरु, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, हाइ स्कोरर, उत्कृष्ट फरवार्ड लगायतका खलाडीहरुले २ हजार रुपैयाँको नगद राशिसहित ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब १ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । २१ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ ।

# २ जना फरार प्रतिवादी पक्राउ

**समाज संवाददाता**

हेटौंडाः बारा जिल्लाको प्रहरीले २ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरी कारवाहीको सिलसिलामा फरार प्रतिवादीहरु धर्मेन्द्र साह र जैसीलाल यादवलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराले कलैया उपमहानगरपालिका-११ बस्ने अन्दाजी २२ वर्षीय साहलाई सोमबार पक्राउ गरेको छ । जिल्ला अदालत बाराबाट आगलागी मुद्दामा ११ महिना ४ दिन कैद तथा १० हजार रुपैयाँ जरिवानाको सजाय तोकिएको साहलाई लुकिछिपी बसेको अवस्थाबाट पक्राउ गरेको हो ।

यस्तै, सुवर्ण गाउँपालिका-४, हर्दिया बस्ने अन्दाजी २० वर्षीय यादवलाई मंगलबार अस्थायी प्रहरी पोष्ट चारमोहनाले पक्राउ गरेको छ । जिल्ला अदालत बाराबाट चोरी मुद्दामा १ महिना ११ दिन कैद सजाय सुनाइएको यादवलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक कारबाही अगाडि बढाएको छ ।

# गाउँपालिका र दलहरुबीच सहमतिपछि ताला खुल्यो

**समाज संवाददाता**

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा लगाइएको ताला खुलेको छ । मंगलबार गाउँपालिका र आन्दोलनरत दलहरुबीच सहमति भएपछि पालिकामा लगाइएको ताला खुलेको हो ।

गएको शुक्रबार गाउँपालिकामा व्यथिति बढेको भन्दै राजनीतिक दलहरुले कार्यालयमा तालाबन्दी गरेका थिए । मंगलबार गाउँपालिकाको तर्फबाट अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री तथा राजनीतिक दलहरुबीच ९ बुँदे सहमतिपत्रमा हस्ताक्षर भएपछि ताला खुलाइएको हो । राजनीतिक दलको तर्फबाट नेकपा एमाले मकवानपुर जिल्ला सदस्य नारायणप्रसाद तिमल्सिना र पालिका कमिटी अध्यक्ष गोपाल दाहाल, माओवादी केन्द्रबाट पालिका इन्चार्ज जीवन गोले, राष्ट्रिय स्वतन्त्र पार्टीका पालिका सभापति अमर दंगाल र नेकपा एकीकृत समाजवादी बकैयाका अध्यक्ष प्रकाश बस्नेतले पालिकासँगको सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सहमतिपत्रमा शिक्षा, स्वास्थ्यसम्बन्धी निर्णय गर्दा सामाजिक विकास समितिबाट गरेका निर्णयलाई कार्यपालिकामार्फत् कार्यान्वयन गराउने, शिक्षा प्रमुखबाट कारबाहीस्वरुप लिइएको प्रधानाध्यापकको राजीनामा फिर्ता हुने र शिक्षा प्रमुखसँग स्पष्टिकरण लिने भएको छ । यस्तै, सवारी साधन र इन्धनको आवश्यकताअनुसार मात्र प्रयोग गर्ने, बिमा र निःशुल्क प्राप्त हुने औषधी सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा व्यवस्था मिलाउने, स्वास्थ्यमा देखिएको कर्मचारी समस्या कार्यापालिकाबाट निर्माण गराई कार्यान्वयन गराउने र वन तथा वातावरण समितिलाई क्रियाशील गराउने सहमति भएको छ ।

यस्तै, कर्मचारी नियुक्ति गर्दा नियमअनुसार संस्थागत गर्ने, गाउँपालिकाभित्र पर्ने फाष्ट-ट्र्याक र गिटी बालुवाको कडाइका साथ अनुगमन गर्ने र गाउँपालिकाबाट भएको निर्णयप्रति आएको जनगुनासोलाई सम्बन्धित पक्षहरुसँग छलफल गरी समाधानमा जाने पालिका र आन्दोलनरत दलहरुबीच सहमति भएको छ ।

ताला खोल्ने कार्यक्रममा नेपाली कांग्रेसका प्रतिनिधि क्षेत्र नम्बर १ का सभापति एवम् बकैयाका निवर्तमान अध्यक्ष दामोदर खनाल, पार्टी पालिका समितिका सभापति दिलबहादुर बोम्जन र प्रवक्ता विजय थिङको पनि उपस्थिति रहेको थियो ।

# निर्माण उद्योग परिषद् मकवानपुर अध्यक्षमा भण्डारी

**समाज संवाददाता**

हेटौंडाः नेकपा एमाले निकट व्यावसायिक संगठन नेपाल निर्माण उद्योग परिषद् मकवानपुरको अध्यक्षमा नरेन्द्र भण्डारी चयन हुनुभएको छ । मंगलबार पार्टी कार्यालयमा सम्पन्न पहिलो अधिवेशनले भण्डारीलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो ।

भण्डारीको अध्यक्षतामा ९ सदस्यीय जिल्ला समिति गठन भएको छ । भण्डारी हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्षसमेत हुनुहुन्छ । समितिको उपाध्यक्षमा सजित कार्की, सचिवमा चेतबहादुर थापा र कोषाध्यक्षमा देवकृष्ण विक चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा ध्रुवसिंह पाखिन, सुरज कार्की, सुनित आचार्य, रमेश आचार्य र विष्णु सिलवाल चयन हुनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ ।

अधिवेशनमा बोल्नुहुँदै नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाले मुलकमा आर्थिक र सामाजिक रुपान्तरणमा पार्टी लागेको बताउनुभएको छ । पार्टी समृद्धिको यात्रामा रहेको बताउनुहुँदै उहाँले राष्ट्रिय पुँजीको विकास गर्न आवश्यक रहेको बताउनुभयो । मुलुकमा अहिले आर्थिक समस्याका कारण युवा तथा व्यवसायीहरूमा निराशा छाएको बेला पार्टीले एउटा अभियान थालेको उहाँको भनाइ छ । अहिले काम नगर्ने, कर नतिर्ने र शक्तिको दुरुपयोग गर्नेहरु समृद्धि अभियानको बाधक भएको भन्दै उहाँले एमाले निकट व्यवसायी त्यस्तो हुन नहुने बताउनुभयो । उहाँले पार्टी मिसन ८४ मा रहेको भन्दै व्यवसायीहरु सफल भएर पार्टीलाई पनि सफल बनाउन लाग्नुपर्ने बताउनुभयो ।

६ महिना अगाडि पार्टीले भण्डारीलाई समितिको संयोजक तोकेको थियो । नवनिर्वाचित अध्यक्ष भण्डारीले जिल्लाभित्र छरिएर रहेका व्यवसायीहरुलाई संगठनमा गोलबन्द गराउने बताउनुभएको छ । ६ महिनाको अवधिमा जिल्लाभित्रका १ सय २५ निर्माण व्यवसायीहरुलाई संगठनमा जोड्न सफल भएको उहाँले बताउनुभयो । ढिलै भए पनि एमाले सरकारमा गएपछि निर्माण व्यवसायीको पक्षमा मौद्रिक नीति ल्याएको भन्दै उहाँले उक्त नीतिको आफूहरुले स्वागत गरेको बताउनुभयो । उहाँले समग्र निर्माण व्यवसायीहरुको समस्या समाधान गर्न समितिले काम गर्ने भन्दै निर्माण व्यवसायीहरु एकता गर्न लाग्ने पनि बताउनुभएको छ ।

अधिवेशनमा प्रदेश सदस्यहरु रघु खुलाल, एकालाल श्रेष्ठ र जिल्ला अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामा र सचिव सीता विष्टलगायतको आतिथ्य रहेको थियो ।

# हास्यव्यङ्ग्य गाईजात्राको...

## हलमा हुने हास्यव्यङ्ग्य गाईजात्रा

गाईजात्राका अवसरमा हलमा दुई समूहले छुट्टाछुट्टै हास्यव्यङ्ग्य गाईजात्रा गर्ने गरेका छन् । यसपालि प्रज्ञा प्रतिष्ठानमा हुने गाईजात्राको समूहमा मनोज गजुरेल, शैलेन्द्र सिम्खडा, यमन श्रेष्ठ, सुबोध गौतम, प्रभात लामा, सीता न्यौपाने, मेक्सम गौडेल, चक्र दवाडी, सजन श्रेष्ठ लगायत छन् । नाचघरमा हुने गाईजात्राको अर्को समूहमा धुर्मुस-सुन्तली, शिवशंकर रिजाल 'जोगिन्दर', सुरेन्द्र केसी 'मुलाको साग', पल्पसा डँगोल 'चम्सुरी', लक्ष्मण गाम्नाङे, राजा राजेन्द्र, हिमेश पन्त, खड्गबहादुर पुन मगर 'खबपु', सन्तोष खनाल, सुयशा खनाल लगायत कलाकारको प्रस्तुति रहेको छ ।

नियमित रुपमा हास्य व्यङ्ग्य गाईजात्रा गर्दै आएका एउटा समूहका नेतृत्वकर्ता दमन रूपाखेती भने यसपालिको गाईजात्रे प्रस्तुतिमा छैनन् । त्यसैगरी नियमित गाईजात्रा गर्ने प्रभाकर देव शर्मा, रवि डंगोल, पूर्ण थापा, विष्णु सापकोटा 'हर्के हल्दार', किशोर भण्डारी पनि यसपालिको गाईजात्रे कार्यक्रममा छैनन् ।

यसपालि यु-ट्युबमार्फत पनि गाईजात्रासम्बन्धी प्रस्तुति सार्वजनिक भएका छन् । जसमा शिवशंकर रिजाल 'जोगिन्दर'को 'ठगठाग कम्पनी', दमन रूपाखेतीको 'पत्तासाफ', शैलेन्द्र सिम्खडाको 'यसपालिको सिकार', कमल गाउँलेले 'भीषण ८४', प्रभाकरदेव शर्माको 'जा. जा. आ. बा.', गोपाल ढकाल 'छन्दे'का 'गठबन्धनका राजाहरु' (यसमा नक्कली 'केपी वली' सुरेश तिमल्सिनाले साथ दिएका छन्), उत्तम कोदेको 'बसिबियाँलो', युवराज भण्डारीको 'घुडैसिति २०८१' लगायत छन् ।

मैले २०६८ सालदेखि दमन रुपाखेती समूहको गाईजात्रा कार्यक्रममा नियमित रूपमा प्रचण्डको अभिनय गर्दै आएको थिएँ । पोहोर साउनदेखि पेटको ठुलो आन्द्रामा क्यान्सर भएपछि उपचार गरिरहेको छु । पोहोर साल पनि गाईजात्रामा उपचारमै थिएँ । यसपालिको गाईजात्रामा पनि म अस्पतालको बेडमै छु । गाईजात्रा हास्य कलाकारको ठुलो पर्व हो । यस्तो पर्वमा नियमित सक्रिय भएर दर्शकहरूलाई हँसाउँदै आएको थिएँ तर अहिले अस्पतालको बेडमा हुँदा साह्रै दुःख लाग्दो रहेछ ।

जिन्दगीमा जे आइलागे पनि पनि त्यसको सामना गर्नैपर्दो रहेछ तर हिम्मत हारेको छैन । यो क्यान्सरसँगको लडाइँमा पक्कै मेरो जित हुनेछ र फेरि दर्शक हँसाउन म स्टेजमा उक्लनेछु । सम्पूर्ण शुभचिन्तक तथा दर्शकको माया र शुभेच्छाले मेरो मनोबल डगमगाएको छैन । अर्को गाईजात्रामा हँसाउने सामग्री लिएर आउने वाचा गर्दै यसपालिको हास्यव्यङ्ग्य गाईजात्रा गर्ने दुई टोलीलाई सफलताको शुभकामना व्यक्त गर्छु । जय हास्यव्यङ्ग्य ! जय गाईजात्रा !!

*(लेखक गौतम कलाकारिता क्षेत्रमा 'नक्कली प्रचण्ड'का रूपमा चिनिन्छन् ।)*

# विभिन्न कार्यक्रम गरी देशभर मनाइयो गाईजात्रा

काठमाडौंः प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्व उपत्यकालगायत देशभरका मुख्य सहरमा दिवङ्गत आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी मनाइएको छ । गाईजात्रा पर्व मल्लकालेखि सुरु भएको हो ।

गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयबागेश्वरीमा रोपाइँजात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयबागेश्वरीमा खड्गजात्रा मनाउने गरिएको छ । एक वर्षयता दिवङ्गत भएका आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी गाईजात्रा मनाइएको छ । गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साजसज्जाका साथ गाईको भेषमा बालबालिकाको ऱ्याली निकालिएको थियो । यस्तो झाँकी हेर्न सडकमा नरनारीको उल्लेख्य उपस्थिति थियो । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएको ऐतिहासिक तथ्य छ । त्यति गर्दा पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ । त्यसै बेलादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिले पनि कायमै छ । देशका विभिन्न सहरमा गाईजात्रा मनाइने भएपनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ । यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रस्तुति, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरु पनि गाइन्छन् । *(स्रोतः रासस)*


## श्री नवज्योति माध्यमिक विद्यालय

हेटौंडा उपमहानगरपालिका–७, नागस्वती, मकवानपुर

### सह–लेखापाल आवश्यकता

*(प्रथम पटक प्रकाशित मिति २०८१/०५/५)*

प्रस्तुत विषयमा विद्यालय व्यवस्थापन समिति हेटौंडा–७ को मिति २०८१/०४/३० मा बसेको बैंठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको सह–लेखापाल पदमा तपसिलको योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका उम्मेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र निवेदन आव्हान गरिन्छ ।

**तपसिल**:

१. पद : सह–लेखापाल
२. संख्याः १ (एक)
३ तलब स्केलः नेपाल सरकारको नियमानुसार
४. परीक्षा दस्तुरः नगद रु. ७००।–
५. न्यूनतम शैक्षिक योग्यता : मूल विषय लेखा लिई १२ कक्षा उत्तीर्ण ।
६. प्राथमिकताः कम्प्युटर विषयमा विशेष सीप/दक्षता भएको हुनुपर्नेछ ।
७. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता
८. दरखास्त दिने अन्तिम मितिः २०८१/०५/१९ दिउँसो ४:०० बजेसम्म ।
९. सम्पर्क मितिः २०८१/०५/२०
१०. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइने छ ।

**आवश्यक कागजातहरू**:

– नेपाली नागरिकताको प्रतिलिपी
– शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
– कम्प्युटर तालिमको प्रतिलिपी
– हस्तलिखित निवेदन १ प्रति

**दरखास्त दिने स्थान**:

श्री नवज्योति माध्यमिक विद्यालय, हेटौंडा–७, नागस्वती
सम्पर्क नम्बरः ०५७–५३०३८९, ९८५५०६९५११


# साउन महिनामा ३६३ युनिट रगत संकलन

**समाज संवाददाता**

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडाले साउन महिनामा ३ सय ६३ युनिट रगत संकलन गरेको छ । एक महिनाको अवधिमा केन्द्रको प्राविधिक सहयोगमा विभिन्न संघसंस्थाले गरेको रक्तदान कार्यक्रम र केन्द्रमै गएर रक्तदान गरेकाबाट उक्त रगत संकलन गरिएको हो ।

गत महिना ९ वटा संघसंस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए । केन्द्रले रक्तदान कार्यक्रमबाट २ सय ८२ युनिट रगत संकलन गरेको थियो भने ८१ जनाले केन्द्रमै पुगेर रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभयो ।

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पसले आयोजना गरेको रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका थिए । मकवानपुरको भीमफेदी गाउँपालिका-४, निबुवाटारस्थित निब्टा क्लबको आयोजनामा भएको रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका थिए । यस्तै, नेकपा एमाले मकवानपुरको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३६ जनाले रक्तदान गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटी पिप्ले-पोखरा उपशाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए । परिवर्तन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा भएको रक्तदान कार्यक्रममा १४ जनाले रक्तदान गरेका प्रमुख दाहालले बताउनुभयो । हेटौंडा उपमहानगरपालिका-११ स्थित सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेका थिए ।

नेपाल विद्युत् प्राधिकरणको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४८ जनाले रक्तदान गरेका थिए । हेटौंडा-८ स्थित लाङ्टाङ बाल समूहको आयोजनामा भएको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका थिए । हेटौंडा उपमहानगरपालिका-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३९ जनाले रक्तदान गरेको दाहालले बताउनुभयो ।

रक्तसञ्चार केन्द्र हेटौंडाले साउन महिनामा १४ युनिट सेतो रगत बनाई वितरण गरेको छ भने समग्रमा ३ सय ६५ युनिट रगत वितरण गरेको छ । केन्द्रले सेतो रगत बनाउने मेसिनमा समस्या आएका कारण साउन महिनामा सेतो रगत कम बनेको दाहालले बताउनुभयो । हाल अहिले मेसिन सञ्चालनमा आएको दाहालले प्रष्ट पार्नु भएको छ ।

केन्द्रमा अहिले ए पोजेटिभ रगतको अभाव रहेको दाहालले बताउनु भएको छ । हेटौंडामै रगतको खपत भएकाले मकवानपुर बाहिर पठाउने अवस्था नरहेको र माग पनि नभएको उहाँले बताउनुभयो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ